आज मिति २०८२ साल बैशाख ९ गते मंगलवारका दिन विहान ८ : ०० बजे गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमान सिं के.सी. ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को सत्रौं बैठक बसी तपसिलको उपस्थितिमा देहायको निर्णय पारित गरियो।

तपसिल

| क.सं | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जमान सिं के.सी. | अध्यक्ष | |
| २ | श्री लक्ष्मी कुमारी चौधरी | उपाध्यक्ष | |
| ३ | श्री कर्म प्रसाद चौधरी | १ नं वडा अध्यक्ष | |
| ४ | श्री कृष्ण थारु | २ नं वडा अध्यक्ष | |
| ५ | श्री निर्मल चौधरी | ३ नं वडा अध्यक्ष | |
| ६ | श्री महेन्द्र प्रसाद चौधरी | ४ नं वडा अध्यक्ष | |
| ७ | श्री धर्म प्रकाश थारु | ५ नं वडा अध्यक्ष | |
| ८ | श्री कृष्ण गोपाल चौधरी | ६ नं वडा अध्यक्ष | |
| ९ | श्री हिरा चौधरी | कार्यपालिका सदस्य | |
| १० | श्री दुर्गा कुमारी छिनाल | कार्यपालिका सदस्य | |
| ११ | श्री श्यामपति चौधरी | कार्यपालिका सदस्य | |
| १२ | श्री लक्ष्मी सोनाहा | कार्यपालिका सदस्य | |
| १३ | श्री भिम कुमारी लोहार्नी | कार्यपालिका सदस्य | |
| १४ | श्री नर बहादुर चन्द | सदस्य सचिव | |

| सहजिकरण गर्ने | | | |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को सत्रौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति 208 :२/१/९ समय विहान :८:०० बजे

बैठकको अध्यक्षता : जमान सिं के.सी.

**प्रस्ताव नं :१**

**प्रस्तावको विषय :** प्रदेश समपुरक तथा विशेष अनुदान बाट संचालन हुने योजना सम्बन्धमा ।

**निर्णय गर्ने कानूनी अधारहरु :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १७

**निर्णय हुनु पर्ने विषय :** आ.व. २०८२/०८३ को लागी प्रदेश समपुरक तथा विशेष अनुदान बाट संचालन हुने योजना छनौट गरी पठाउने ।

**भएको निर्णय :** यस गाउँपालिकामा आ.व.२०८२/०८३ मा लुम्विनी प्रदेश सरकारको समपुरक र विशेष अनुदानमा संचालनको लागी तपसिल बमोजिमका योजनाहरू छनौट गरी पठाउने निर्णय गरियो ।

**तपसिल**

**लुम्विनी प्रदेश समपुरक अनुदान**

१. भठेरा देखी सरखोल हुँदै बनखेत सम्म, छुलछुले घाट देखी उल्टनपुर गाउँ हुँदै राजीपुर सम्म सडक कालोपत्रे योजना ।
२. जीतरामको घर देखी त्रिवेणी चोक, ३ नं. वडा कार्यालय अगाडीको बाटो र राधेराधे मिल देखी झोलुङ्गेपुल सम्म सडक कालोपत्रे योजना ।

**लुम्विनी प्रदेश विशेष अनुदान**

| क्र.सं. | योजनाको नाम | संचालन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १ | Wash facilities and drinking water supply facilities in school of Rural municipality and Solar street lamp lightning. | कालिका प्रा.वि. गेरुवा १ थापापुर, एकप्रिय राठौर मा.वि. गेरुवा २ पाताभार, जनता मा.वि. गेरुवा ४ गोला, पशुपति मा.वि. गेरुवा ५ पथरैया, गणेश मा.वि. गेरुवा ६ प्रसेनीपुर, जनप्रिय प्रा.वि. गेरुवा ६ बेलभरिया, | |
| २ | Wash facilities and drinking water supply facilities in health post & BHC of Rural municipality and Solar street lamp lightning | गोला स्वास्थ्य चौकी गेरुवा ४ गोला, पाताभार स्वास्थ्य चौकी गेरुवा ३ पाताभार, मनाउ स्वास्थ्य चौकी गेरुवा ६ मनाउ, पशुतपतिनगर स्वास्थ्य चौकी गेरुवा ५ पशुपतिनगर, आधारभूत स्वास्थ्य केन्द्र गेरुवा १ बगहीपुर, आधारभूत स्वास्थ्य केन्द्र गेरुवा २, पाताभार । | |

प्रमाणिकरण गर्ने-:

नामथर :नर बहादुर चन्द

कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत

मिति 208 :२/१/९

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को सत्रौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति 208 :२/१/९ समय विहान :८:०० बजे

बैठकको अध्यक्षता : जमान सिं के.सी.

**प्रस्ताव नं :२**

| |
|---|
| **प्रस्तावको विषय :** क्याम्पस भवन निर्माण सम्बन्धमा । |
| **निर्णय गर्ने कानुनी अधारहरु :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १७ |
| **निर्णय हुनु पर्ने विषय :** गेरुवा गाउँपालिका वडा नं. ३ शान्तिबजार स्थित बालुवाटारमा गेरुवा बहुमुखी क्याम्पस भवन निर्माणको लागी लुम्विनी प्रदेश सामाजिक विकास मान्त्रालयमा अनुरोध गर्ने । |
| **भएको निर्णय :** सुदूर पश्चिम विश्व विद्यालय बाट सम्बन्धन प्राप्त गरी यसै आर्थिक बर्ष देखी एकप्रिय राठौर मा.वि. पाताभारको विद्यालय भवनमा गेरुवा बहुमुखी क्याम्पसको संचालनमा रहेकोमा यस गाउँपालिकाको वडा नं. ३ स्थित बालुवाटार खेल मैदानमा रहेको सार्वजनिक जग्गामा गेरुवा बहुमुखी क्याम्पस संचालन गर्ने यस पूर्व बसेको कार्यपालिका बैठकहरुमा निर्णय भएकोले गेरुवा गाउँपालिका वडा नं. ३ स्थित बालुवाटारमा गेरुवा बहुमुखी क्याम्पसको भवन निर्माण गरिदिन लुम्बिनी प्रदेश सामाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो । |

**प्रस्ताव नं :३**

| |
|---|
| **प्रस्तावको विषय** : राहत रकम सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु** : स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074 |
| **निर्णय हुनु पर्ने विषय** : आगलागी बाट क्षेति भएका परिवार लाइ राहत रकम प्रदान गर्ने । |
| **भएको निर्णय** : यही मिति २०८१ चैत्र १३ गते अन्दाजी दिउँसो १२ : ०० बजेको समयमा यस गेरुवा गाउँपालिका वडा नं. ६ सोनाफाँट बस्ने सेतु शाहीको खरवारले बनेको खरले छाएको गोठमा आगलागी भइ गोठमा प्रयोग भएका काठका खाँवा, कडी, ढोका जलेर नष्ट भएको र सो गोठमा राखेको पम्पसेटको २०० मिटर प्लाष्टिकको पाइप र काठको हलो, जुवा जलेर नष्ट भएको हुँदा राहत स्वरुप रु. २००००।- रकम राहत प्रदान गर्ने निर्णय गरियो । |
| प्रमाणिकरण गर्ने-:<br><br>नामथर :नर बहादुर चन्द<br>कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत<br>मिति 208 :२/१/९ |

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को सत्रौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति 208 :२/१/९ समय विहान :८:०० बजे

बैठकको अध्यक्षता : जमान सिं के.सी.

**प्रस्ताव नं : ४**

| |
|---|
| **प्रस्तावको विषय** : मेश वायर निर्माण सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074 |
| **निर्णय हुनु पर्ने विषय :** गेरुवा गाउँपालिका वडा नं. ३ लोहारपुर र खुटेनाको बीचमा बाँकी रहेको स्थानमा मेशवायर निर्माण गर्ने । |
| **भएको निर्णय :** गेरुवा गाउँपालिकाले जंगली जनावरहरु बाट प्रभावित बस्तिहरुमा जंगली जनावरहरुको रोकथामको लागी मेशवायर निर्माण योजना संचालन गरेकोमा सो योजनाले वडा नं. ३ स्थित लोहारपुर र खुटेनाको वीचमा रहेको जंगली जनावर प्रभावित क्षेत्र लाइ समेट्न नसकेकोले रात्रीको समयमा जंगली जनावरहरु बस्तिमा पसी बालीनाली तथा घरपालुवा गाइबस्तुहरु लाइ हानी नोक्सानी पुर्याइ रहेको हुँदा सो स्थानमा आगामी आ.व. २०८२/०८३ मा मेशजाली निर्माण गर्ने निर्णय गरियो । |

**प्रस्ताव नं : ५**

| |
|---|
| **प्रस्तावको विषय** : शौचालय निर्माण सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074 |
| **निर्णय हुनु पर्ने विषय :** गेरुवा गाउँपालिका वडा नं. ६ स्थित रामजानकी आ.वि. र प्रशेनी बाजरमा शौचालय निर्माण योजनामा विनियोजित बजेट लाइ उकत्रित गरी तत्काल प्रशेनी बाजारमा सार्वजनिक शौचालय निर्माण गर्ने |
| **भएको निर्णय :** यस गेरुवा गाउँपालिकाको आ.व. २०८१/०८२ को हिउँदे अधिवेशन बाट यस गेरुवा गाउँपालिका वडा नं. ६ स्थित रामजानकी आ.वि. रामनगर र प्रशेनी बजारमा सार्वजनिक शौचालय निर्माणको लागी प्रति शौचालय रु. २५००००।- मात्र विनियोजन भएको हुँदा दुइ वटै स्थानमा शौचालय निर्माण गर्दा दुइ वटै शौचालयमा बजेट अपुग भइ दुवै शौचलाय अधुरो रहने अवस्था देखिएकोले उक्त दुइ वटै शौचालय निर्माणको लागी विनियोजित बजेट लाइ एकत्रित गरी अपुग रकम थप हुने गरी हाल लाइ प्रशेनी बाजरमा मात्र १ वटा सार्वजनिक शौचालय निर्माण गर्ने र आगामी आ.व. २०८२/०८३ मा रामजानकी आ.वि. रामनगरमा शौचालय निर्माण गर्ने निर्णय गरयो । |
| प्रमाणिकरण गर्ने-:<br><br>नामथर :नर बहादुर चन्द<br>कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत<br>मिति 208 :२/१/९ |

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को सत्रौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णय:

बैठक मिति 208 :२/१/९ समय विहान :८:०० बजे

बैठकको अध्यक्षता : जमान सिं के.सी.

**प्रस्ताव नं : ६**

| |
|---|
| **प्रस्तावको विषय** : उद्यमी व्यवसायीहरु सम्मान कार्यक्रम सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074 |
| **निर्णय हुनु पर्ने विषय :** यस गेरुवा गाउँपालिका अन्तर्गतका उत्कृष्ट उद्यमी व्यवसायीहर लाइ सम्मान गर्ने । |
| **भएको निर्णय :** यस गेरुवा गाउँपालिकाको आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत उद्यमी व्यवसायी सम्मान कार्यक्रमको लागी रु. १०००००।- (अक्षरेपी : एकलाख मात्र) रकम विनयोजन भएकोले यसरी उद्यमी व्यवसायीहरु लाइ सम्मान कार्यक्रम संचालन गर्दा गाउँपालिका लाइ कर तिर्ने व्यवसायीहरु लाइ गाउँपालिका प्रति अपनत्व पनि हुने र अन्य उद्यमी व्यवसायीहरु समेत उत्प्रेरित हुने हुँदा हाललाइ यस गाउँपालिकामा दर्ता एवं अभिलेखित भइ कृषि तथा पशुपालन व्यवसाय संचालन गरिरहेका तपशिलका विधाका उद्यमी व्यवसायीहरु मध्ये उत्कृष्ट उद्यमी व्यवसायीहरु छनौट गरी सम्मान गर्ने निर्णय गरियो ।<br><u>तपशिल</u><br>१. बेमौसमी तरकारी खेती<br>२. बंगुरपालन<br>३. बाखा पालन<br>४. भैंसी पालन<br>५. कुखुरा पालन<br>६. माछापालन |

**प्रस्ताव नं : ७**

| |
|---|
| **प्रस्तावको विषय** : ह्युमपाइप खरिद सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074 |
| **निर्णय हुनु पर्ने विषय :** आ.व. २०८१/०८२ को लागी गाउँपालिका तर्फ ह्युमपाइप खरिदको लागी विनियोजित बजेट मा रु. ५ लाख थप गरी ह्युमपाइप खरिद गर्ने । |
| **भएको निर्णय :** यस गेरुवा गाउँपालिकाको आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम ह्युमपाइप खरिदको लागी विनियोजित बजेट रु. १५ लाख मा रु. ५ लाख थप गरी कुल रु. २० लाखको ठेक्का प्रकृया बाट ह्युमपाइप खरिद गर्ने निर्णय गरियो |
| <u>प्रमाणिकरण गर्ने-:</u><br><br>नामथर :नर बहादुर चन्द<br>कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत<br>मिति 208 :२/१/९ |

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को सत्रौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति 208 :२/१/९ समय विहान :८:०० बजे

बैठकको अध्यक्षता : जमान सिं के.सी.

**प्रस्ताव नं : ८**

| |
|---|
| **प्रस्तावको विषयः** प्रहरी कार्यालय लाइ कम्प्युटर हस्तान्तरण सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074 |
| **निर्णय हुनु पर्ने विषय :** इलाका प्रहरी कार्यालय शान्तिबजार लाइ १ थान डेस्कटप कम्प्युटर हस्तान्तरण गर्ने । |
| **भएको निर्णय :** यस गेरुवा गाउँपालिका वडा नं. ३ स्थित इलाका प्रहरी कार्यालय पाताभार बर्दियाले कार्यलयमा कम्प्युट अपुग भइ कार्य सम्पादन गर्न समस्या भएकोले १ थान डेस्कटप कम्प्युटर उपलब्ध गराइ दिन यस कार्यालय लाइ अनुरोध गरेको हुँदा ईलाका प्रहरी कार्यालय शान्तिबजार लाइ कार्य सम्पादनमा सहजताका लागी १ थान डेस्कटप कम्प्युटर हस्तारन्तरण गर्ने निर्णय गरियो । |

**प्रस्ताव नं : ९**

| |
|---|
| **प्रस्तावको विषय** : सार्वजनिक खरिद गुरु योजना र मध्यकालिन खर्च संरचना निर्माण गर्ने सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074 |
| **निर्णय हुनु पर्ने विषय :** गेरुवा गाउँपालिकाको सार्वजनिक खरिद गुरु योजना र मध्यकालिन खर्च संरचना निर्माण गर्ने । |
| **भएको निर्णय :** गेरुवा गाउँपालिकाको सार्वजनिक खरिद गुरु योजना हाल सम्म नबनेको र यस पूर्व बनेको मध्यकालिन खर्च संरचनाको अवधी समाप्त भएकोले चालु आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सेवा परामर्श शिर्षक बाट आवश्यक रकम खर्च गर्ने गरी यस गाउँपालिकाको सार्वजनिक खरिद गुरुयोजना र मध्यकालिन खर्च संरचना निर्माण गर्ने निर्णय गरियो । |
| प्रमाणिकरण गर्ने-:<br><br>नामथर :नर बहादुर चन्द<br>कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत<br>मिति 208 :२/१/९ |

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को सत्रौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति 208 :२/१/९ समय विहान :८:०० बजे

बैठकको अध्यक्षता : जमान सिं के.सी.

**प्रस्ताव नं : १०**

**प्रस्तावको विषय** : खानेपानी निर्माण गर्ने सम्बन्धमा।

**निर्णयको कानुनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074

**निर्णय हुनु पर्ने विषय :** गेरुवा गाउँपालिका ३ नं. र ४ नं. वडा कार्यालयमा खानेपानी निर्माण गर्ने ।

**भएको निर्णय :** गेरुवा गाउँपालिकाको आ.व. २०८१/०८२ को हिउँदे अधिवेशन बाट वडाहरुमा सुरक्षित खानेपानी निर्माणको लागी विनियोजित बजेट बाट सबै वडाहरुमा सुरक्षित खानेपानी निर्माण गर्न नपुग्ने र तत्कालको लागी वडा नं. १,२,५ र ६ मा सुरक्षित खानेपानीको लागी स-साना फिल्टरको व्यवस्था भएकोले चालु आ.व. २०८१/०८२ मा ३ र ४ नं. वडा कार्यालयहरुमा सुरक्षित खानेपानी निर्माण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं :११**

**प्रस्तावको विषय** : प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन हुने योजना सम्बन्धमा ।

**निर्णयको कानुनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074

**निर्णय हुनु पर्ने विषय :** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालनको लागी छनौट भएका योजनाहरु मध्ये विविध कारण वश संचालन हुन नसक्ने योजनाहरु संशोधन गर्ने ।

**भएको निर्णय :** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८१/०८२ मा संचालनको लागी छनौट भएका योजनाहरु मध्ये कतिपय योजना तथा कार्यक्रमहरु विविध कारण वश संचालन हुन नसकेकोले उक्त योजना तथा कार्यक्रमहरु लाइ तपशिल बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

तपिशल

| क्र.सं. | साविक योजना | संशोधित योजना | कैफियत |
|---|---|---|---|
| १. | पाताभार कोरबगान टोल देखी सन्तोष थारुको घर सम्म बाटो निर्माण | टीकुलीगढ सामुदायिक वन देखी कर्णाली नदी जाने बाटो निर्माण | स्थानीय विवादको कारण साविक योजना संचालनमा समस्या भएकोले संशोधन गरिएको |
| २. | गणेशपुर गमुवाको घर देखी सुब्बा कुलोको ढिकैढिक कटेशपुर सम्म नयाँ बाटो निर्माण | खुटेहना तन्नु थारुको घर देखी दयाशंकर थारुको घर सम्म नया बाटो निर्माण | |
| ३. | बन्जरिया लाल बहादुर चन्दको घर देखि मुक्त कमैया टोल जोड्ने बाटो निर्माण | डुमनपुरुवा बुझावन थारुको घर देखी घनश्याम थारुको खेत सम्मको बाटोमा माटो पटानी | |

**स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमोजिम निर्णयको (**

प्रमाणिकरण गर्ने-:

नामथर :नर बहादुर चन्द

कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत

मिति 208 :२/१/९

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को सत्रौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः
बैठक मिति 208 :२/१/९ समय विहान :८:०० बजे
बैठकको अध्यक्षता : जमान सिं के.सी.

**प्रस्ताव नं :१२**

| |
|---|
| **प्रस्तावको विषय** : पूर्णखोप, अनुगमन, भेरिफिकेशन सम्बन्धमा । |
| **निर्णयको कानुनी आधारहरु** : स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074 |
| **निर्णय हुनु पर्ने विषय** : गेरुवा गाउँपालिका पूर्णखोप सुनिश्चितता भेरिफिकेशन गर्ने । |
| **भएको निर्णय** : यस गेरूवा गाउँपालिका बर्दिया अन्तरगतका ६ वटै वडाहरूमा स्वास्थ्यकर्मीहरू बाट घरधुरी सर्वेक्षण भई प्रतिबेदन प्राप्त भए पश्चात गाउँपालिका स्तरिय स्वास्थ्य ब्यवस्थापन समितिका पदाधिकारी ,कर्मचारी, स्वास्थ्यकर्मी तथा पत्रकार बाट सहभागिता हुनेगरी प्रत्येक वडाकालागी ३ (जना) को टोली गठन गरी सबै वडाहरूमा पूर्णखोप सम्बन्धि अनुगमन नमूना घरधुरी सर्वेक्षण तथा तथ्यांङ्कको भरिफिकेसन गर्ने निर्णय गरियो । |
| **स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमोजिम निर्णयको (** <br> प्रमाणिकरण गर्ने-: <br><br> नामथर :नर बहादुर चन्द <br> कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत <br> मिति 208 :२/१/९ |

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को सत्रौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः
बैठक मिति 208 :२/१/९ समय विहान :८:०० बजे
बैठकको अध्यक्षता : जमान सिं के.सी.

**प्रस्ताव नं :१३**

| |
|---|
| **प्रस्तावको विषय** : लगत संकलन फारम बरबुझारथ सम्बन्धमा । |
| **निर्णयको कानुनी आधारहरु** : स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074 |
| **निर्णय हुनु पर्ने विषय** : भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरु लगत फारम भूमि समस्या समाधान आयोग जिल्ला कार्यालय बर्दियामा पठाउने । |
| **भएको निर्णय** : भूमि समस्या समाधान आयोगको निर्देशन बमोजिम यस गाउँपालिका अन्तर्गतका भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुको प्रमाणित भएका तथा रुजु गर्न बाँकी रहेका थप लगत संकलन फारम समेत वडागत रुपमा तपशिलको संख्यामा रहेका फारमहरु भूमि समस्या सामाधान आयोगको जिल्ला स्थित कार्यालय गुलरिया बर्दियामा पठाउने निर्णय गरियो । <br> तपशिल |

| वडा नं. | भूमिहिन दलित (BD) | भूमिहिन सुकुम्वासी (BS) | अव्यवस्थित बसोबासी (AB) | जम्मा |
|---|---|---|---|---|
| १ | २६ | १०५ | ४६४ | ५९५ |
| २ | २ | २४ | २०३ | २२९ |
| ३ | ३ | २५ | २५३ | २८१ |
| ४ | ३२ | ५७ | २९६ | ३८५ |
| ५ | ४० | १०४ | २४५ | ३८९ |
| ६ | ७५ | १९० | ५०७ | ७७२ |
| अपूर्ण फाइल | १९ | २६ | १४९ | १९४ |

| | | | | |
|---|---|---|---|---|
| जम्मा | १९७ | ५३१ | २११७ | २८४५ |

**स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमोजिम निर्णयको (**

प्रमाणिकरण गर्ने-:

नामथर :नर बहादुर चन्द

कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत

मिति 208 :२/१/९